# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालबाट वित्तीय जागरण राष्ट्रिय अभियानको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले रुपन्देही जिल्लाको रुद्रपुरस्थित लुम्बिनी ज्ञान निकेतन उच्च मा. वि. को प्राङ्गणमा कात्तिक २६ गते आयोजित एक समारोहमा वित्तीय जागरण राष्ट्रिय अभियानको समुद्घाटन गरी शुभारम्भ गर्नुभयो ।




सो कार्यक्रममा प्रमुख अतिथिका रुपमा मन्तव्य दिनुहुँदै गभर्नर डा. नेपालले उद्यम तथा व्यवसायका लागि नेपालमा प्रशस्त अवसरहरु रहेको बताउनु भयो । उहाँले त्यस्ता अवसरहरुको समुचित उपयोग गर्न सकिएमा नेपाल आर्थिक समृद्धिको बाटोमा लम्कने र युवाहरु रोजगारीका लागि विदेशमा जानुपर्ने बाध्यताको पनि अन्त्य हुने धारणा राख्नुभयो ।

आर्थिक उपार्जनका लागि वित्तीय अनुशासनमा जोड दिँदै गभर्नर डा. नेपालले देशको आर्थिक विकासमा बैंकहरुको भूमिका महत्वपूर्ण रहने उल्लेख गर्नुभयो । उद्योग तथा व्यवसायका लागि आवश्यक पुँजीका निमित्त बैंक तथा वित्तीय संस्थाहरुको सहयोग लिन सर्वसाधारणसँग आग्रह गर्दै उहाँले त्यस्तो ऋण वास्तवमा ऋण नभई समृद्धिको साधन हो भन्नुभयो ।

पैसाको महत्व बुझ्ने र त्यसको सदुपयोग गर्न जान्ने हो भने सम्पूर्ण नेपाली धनी र सम्पन्न हुने विश्वास गभर्नर डा. नेपालले व्यक्त गर्नुभयो । स्कुलको प्राथमिक तहदेखि नै वित्तीय साक्षरता सम्बन्धी ज्ञान आवश्यक रहेको औंल्याउँदै उहाँले बैंकिङ पहुँचको विस्तारमा पनि जोड दिनुभयो ।



मिडिया इण्टरनेसनलको संयोजकत्वमा आयोजित उक्त कार्यक्रममा वित्तीय साक्षरता सम्बन्धी हाते किताबको लोकार्पण पनि गरिएको थियो । कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपाल लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुले मन्तव्य राख्नु भएको थियो ।

वित्तीय जागरण राष्ट्रिय अभियान देशका विभिन्न भागमा सञ्चालन हुने कार्यक्रम रहेको छ ।

**२०७३ कात्तिक २६, शुक्रबार**

**गभर्नरको कार्यालय**